

# hearty welcome

## Hon'ble Minister Dr. Yuba Raj Khatiwada

**Ministry of Finance, Nepal**
**Ministry of Communication and Information Technology**

Government of Nepal, Ministry of Communication and Information Technology

## FILM DEVELOPMENT BOARD, NEPAL

CHABAHIL, KATHMANDU, NEPAL

**July 24, 2020, Friday • Shrawan 9, 2077**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# चलचित्र विकास बोर्ड

चाबहिल, काठमाडौं

## माननीय मन्त्री डा. युवराज खतिवडाज्यूबाट बोर्डको कार्यालय निरीक्षण भ्रमण

मिति २०७७ श्रावण ९ गते शुक्रबार



ँम्घ, ल्भउबा

# बोर्डको स्थापना र उद्देश्यः

**स्थापनाः** मिति २०५७ साल असार १६ गते

**उद्देश्यः**

- चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक एवं मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्ने ,
- चलचित्रको माध्यमबाट देशको कला, संस्कृति, भाषा, गीत-सङ्गीत, इतिहास, राष्ट्रिय स्वाभिमान आदिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने,



# बोर्डको स्थापना र उद्देश्य:

**उद्देश्य (क्रमशः) ...**

- नेपाललाई आकर्षक राष्ट्रिय, अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन तथा निर्माण केन्द्रको रुपमा आकर्षक गन्तव्य बनाउने ।
- चलचित्र क्षेत्रलाई नियमन र व्यवस्थापन गर्ने ।
- चलचित्रको विकास, प्रवर्द्धन र संरक्षणको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- चलचित्र महोत्सव तथा पुरस्कारको आयोजना गर्ने ।



# संघीय संरचना र बोर्ड :

**संघीय संरचनाः**

- चलचित्र विकास बोर्ड चलचित्रको नियमन र व्यवस्थापन गर्ने एउटै मात्र निकाय रहेको र यसको संघीयता अनुरुप संघीय संरचनामा यसका कार्यालयहरु नरहेको ।


**प्रदेश सरकारको अधिकारः**

- चलचित्रघर निर्माण ईजाजतपत्र
- चलचित्र घरमा कायम गरिने टिकट दर र श्रेणी
- चलचित्रको प्रदर्शन बन्द गर्न आदेश दिन सक्ने



# नीतिगत एवं कानूनी व्यवस्थाः

- राष्ट्रिय चलचित्र नीति, २०७१ लागू भई कार्यान्वयनमा आएको ।
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा ऐ. नियमावली , २०५७ बमोजिम कार्य भइरहेको ।
- चलचित्र क्षेत्रलाई व्यवस्थापन र नियमन गर्न बनेको विधेयकको मस्यौदा तयार भई मन्त्रालयमा पुगेको अवस्था रहेको ।
- बोर्ड स्वायत्त नभएका कारण चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ईजाजत सम्बन्धी कार्यहरु मन्त्रालयबाट बोर्डलाई प्रत्यायोजन भएको अधिकार बमोजिम कार्य भईरहेको ।



# बजेटको श्रोत, वार्षिक कार्यक्रम र बजेट :

- आर्थिक ऐनमा व्यवस्था भए बमोजिम चलचित्र विकास बोर्डको मुख्य बजेटको श्रोत विदेशी चलचित्रको प्रदर्शनीमा लाग्ने चलचित्र विकास शुल्क रहेको छ ।
- चलचित्रघरहरुले सम्बन्धित कर कार्यालयमा दाखिला गर्ने चलचित्र विकास शुल्कको ९०% रकम चलचित्र विकास बोर्डलाई प्राप्त हुने ।
- चलचित्र विकास शुल्क रकमको २५ (पच्चीस) प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था रहेको छ ।



# वार्षिक कार्यक्रम र बजेट :

- **गत आ.व. को वार्षिक विनियोजन:** २० करोड ५६ लाख
- **गत आ.व. को कुल खर्च:** ९ करोड ५८ लाख
- **भौतिक प्रगति:** ६९ प्रतिशत
- **वित्तीय प्रगति:** ४६.६२ प्रतिशत
- **बेरुजु तर्फ:** कुल बेरुजु २ करोड ८५ लाखमध्ये २ करोड ७२ लाख फछ्र्यौट भएको
- **फछ्र्यौट प्रतिशत:** ९५.४२ प्रतिशत



# नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७।७८):

- छायाङ्कनका लागि नेपाल कार्यक्रम,
- प्रदेश सरकारको समन्वयमा प्रत्येक प्रदेशमा फिल्म छायाङ्कनस्थल निर्माण कार्यक्रम,
- चलचित्र कलाकार संघको भवन निर्माण कार्यक्रम,
- राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता र भाषा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने गरी चलचित्र निर्माण गर्ने कार्यलाई प्रोत्साहन नेपाली चलचित्रको सुरक्षित भण्डारण (स्टोरी बैक) तयार गर्ने,



# बोर्डको प्रमुख योजना तथा कार्यक्रमहरु:

- चलचित्र वितरण तथा प्रदर्शनमा बक्स अफिस प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने ।
- चलचित्र नगरी तथा छायाङ्कन स्टुडियो निर्माण गर्ने ।
- चलचित्र सम्बन्धी विषयमा अध्ययन अनुसन्धान एवं विद्वत्वृत्ति ( छात्रवृत्ति) मा प्रोत्साहन गर्ने ।
- चलचित्रकर्मी कल्याणकोष सञ्चालन गर्ने ।
- चलचित्र तथा वृत्तचित्रहरुको डिजिटाइजेशन गरी सुरक्षित राख्ने ।
- चलचित्रको डाटाबेश तयार गर्ने ।



# बोर्डको प्रमुख योजना तथा कार्यक्रमहरुः

- राष्ट्रिय चलचित्र पुरस्कार तथा दीर्घसाधना सम्मान प्रदान गर्ने ।
- चलचित्रकर्मीहरुको बीमा र चलचित्रको प्रोजेक्ट बीमा कार्यक्रम सञ्चालन गर्ने ।
- चलचित्रकर्मी परिचयपत्र वितरण गर्ने ।
- छायाङ्कनका लागि नेपाल कार्यक्रम सञ्चालन गर्ने ।
- श्रमजीवी चलचित्रकर्मीहरुको सामाजिक सुरक्षा योजना ।
- चलचित्रकर्मी विपद व्यवस्थापन कोष स्थापना र सञ्चालन ।



# मन्त्रालयबाट पहल हुनुपर्ने विषयहरु:

- चलचित्र विधेयकलाई अगाडि बढाउन आवश्यक पहल हुनुपर्ने ।
- राष्ट्रिय चलचित्र नीति, २०७१ को  समन्वयात्मक रुपमा अनुगमन गर्न एक उच्चस्तरीय अनुगमन समितिको व्यवस्था गरिनुपर्ने ।
- श्रमजीवी चलचित्रकर्मीको सामाजिक सुरक्षा योजना सम्बन्धी :यमबष्तिथ सामाजिक सुरक्षा कोषमा पेश गरिएको अवस्था रहेको हुँदा सोको कार्यान्वयनका लागि मन्त्रालयबाट आवश्यक पहलको अपेक्षा गरिएको ।



## चलचित्रकर्मीहरुबाट नेपाल सरकारसँग अपेक्षा गरेका विषयहरुः

- विशिष्ट श्रेणीका चलचित्रकर्मीहरुको निधन भएको अवस्थामा मृत्युसंस्कार गर्दा लाग्ने सम्पूर्ण खर्च सरकारबाट व्यहोरिदिने र निजहरुलाई मरणोपरान्त राष्ट्रिय सम्मान प्रदान गर्न व्यवस्था हुन नेपाल सरकारबाट नीतिगत निर्णयका लागि आवश्यक पहल हुनुपर्ने,
- परिचयपत्रका आधारमा स्वदेश तथा विदेश जाँदा, आउँदा विमानस्थलको अति विशिष्ट / विशिष्ट कक्षको प्रयोग गरी आवतजावत गर्नदिने व्यवस्था र सरकारी अस्पताल, स्वास्थ्य संस्था आदिबाट प्रदान गरिने स्वास्थ्य उपचार सेवा निःशुल्क हुने व्यवस्था हुनुपर्ने ।



## चलचित्रकर्मीहरुबाट नेपाल सरकारसँग अपेक्षा गरेका विषयहरु:

- विदेशी चलचित्र निर्माताले नेपालमा चलचित्र छायाङ्कन गर्दा गरेको खर्च बमोजिमको स्वदेश फर्कदा मूल्य अभिवृद्धि कर (भ्याट रकम) फिर्ता दिइनुपर्ने व्यवस्था हुनुपर्ने ।
- विदेशी चलचित्र छायाङ्कन परमिट चलचित्र विकास बोर्डबाट उपलब्ध गराउने व्यवस्था हुनुपर्ने ।
- बोर्डबाट प्रोजेक्ट बीमा गरिएका चलचित्रहरुको निर्माणका लागि बैकिङ्ग कर्जा सम्बन्धी सुविधाका लागि पहल हुनुपर्ने ।



# मुख्य समस्या र समाधानका उपायः

- **समस्याः** चलचित्रको निर्माण,प्रदर्शन तथा वितरण सम्बन्धी नियमन लगायतका कार्यहरु करिब ५० वर्ष अगाडि २०२६ सालमा निर्माण भएको चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम हुँदै भईरहेको अवस्था छ ।

- **समाधानः** चलचित्र विकास बोर्ड सम्बन्धी छुट्टै ऐन नभएको कारण बोर्डको उद्देश्य अनुरुपका कार्यक्रम तथा प्रशासनिक कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्न कठिनाईहरु उत्पन्न हुने गरेको परिप्रेक्षमा छुट्टै ऐनले समग्र चलचित्र क्षेत्रको व्यवस्थापन र नियमनमा सघाउ पुग्ने हुँदा जतिसक्दो चाँडो नयाँ ऐन स्वीकृत हुनुपर्ने अवस्था छ ।



# कर्मचारी सम्बन्धी समस्या:

**समस्या:**

- बोर्डमा कार्यरत सम्पूर्ण कर्मचारीहरु स्वीकृत दरबन्दीमा बोर्डको स्थापनाकालदेखि नै करारमा कार्यरत रहेको ।
- कर्मचारी सम्बन्धी सेवा, शर्त विनियमावली नरहेको ।

**समाधानको उपाय:**

- कर्मचारीहरुलाई मर्यादित, व्यवस्थित र अनुसाशित बनाउन र कर्मचारीहरुको मनोबल उच्च राखी बोर्डका कामकारबाहीहरु प्रभावकारी बनाउन कर्मचारीहरुको स्थायीत्व र कर्मचारी सम्बन्धी सेवा, शर्त विनियमावली तत्काल लागू हुनु पर्ने ।



# बोर्डको श्रोत र बजेट सम्बन्धी समस्या र समाधानः

## समस्याः

- बोर्डको एकमात्र श्रोत चलचित्र विकास शुल्कबाट मात्र बोर्डबाट सञ्चालन गरिने महत्वपूर्ण विकास आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नसकिने अवस्था रहेको ।

## समाधानको उपायः

- बोर्डबाट सञ्चालन गरिने वार्षिक योजना तथा कार्यक्रमहरुका लागि नेपाल सरकारबाट यथेष्ट बजेट विनियोजनको व्यवस्था हुनपर्ने ।



# कोरोनाले चलचित्र क्षेत्रमा पारेको प्रभाव, जोखिम, अनुमान र चुनौति :

- नेपाल सरकारले गरेको लकडाउन (बन्दाबन्दी) पूर्णरुपमा खुला भई चलचित्रको निर्माण, वितरण तथा प्रदर्शन (चलचित्रघर) सञ्चालनमा आउँदा पनि कोभिड-१९को संक्रमणको जोखिम र त्रासका कारण दर्शकहरु चलचित्रघरसम्म पुगी सहज रुपमा चलचित्र हेर्ने वातावरण बन्न लामो समय लाग्ने देखिएको छ । यस अवस्थालाई समेत दृष्टिगत गर्दा चलचित्र क्षेत्र कोरोनाका कारण बढी प्रभावित भएको अवस्था छ ।

- सामाजिक दुरी र स्वाथ्य सुरक्षाका मापदण्ड पालना गरेर चलचित्रहरु छायाङ्कनमा जाँदा लगानीमा अप्रत्यासित लगानी बढ्न जाने अवस्थामा छ । यदि चलचित्र निर्माणको गतिमा सुस्तता आयो भने समग्र चलचित्र क्षेत्र नै धरासायी हुने अवस्था सिर्जना हुने देखिन्छ । तसर्थ यो अवस्थालाई सम्बोधन गर्न तथा चलचित्र क्षेत्रलाई पूर्ण चलायमान बनाउन नेपाली चलचित्र निर्माण तथा प्रदर्शनलाई राज्यस्तरबाट सहयोग तथा प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।



# कोरोनाले चलचित्र क्षेत्रमा पारेको प्रभाव, जोखिम, अनुमान र चुनौति :

- बोर्डको बजेटको स्रोत भनेको विदेशी चलचित्रको प्रदर्शनीमा लाग्ने चलचित्र विकास शुल्क रहेको र विगत ४ महिना अगाडि देखि नै चलचित्रको प्रदर्शन बन्द रहेका कारण चलचित्र विकास बोर्डको स्रोतमा ठूलो असर पर्न गएकोले बोर्डसँग रहेको मौज्दात र उठ्न बाँकी रहेको न्यून रकमबाट आर्थिक वर्ष २०७७।७८ मा सञ्चालन गरिने वार्षिक कार्यक्रम र बजेट बिनियोजिन गरिएको अवस्था छ । आ.व. २०७७।७८ मा चलचित्र विकास शुल्क ७ करोड ५० लाख उठ्ने अनुमान गरिएकोमा ३ करोड ६० लाख मात्र उठेको अवस्था छ ।

- नेपाल सरकारबाट चलचित्र निर्माण र प्रदर्शनमा विशेष आर्थिक राहत, छुट र सुविधा उपलब्ध गराउनुपर्ने देखिएको छ । यसरी प्राप्त हुने सहुलियत एवं सुविधाबाट चलचित्र निर्माण,वितरण तथा प्रदर्शन चलचित्रघरहरु चलायमान बनाउन र पुनःसञ्चालन गर्न सहज हुन जान्छ । चलचित्र क्षेत्र चलायमान हुँदा चलचित्र निर्माता, श्रमजीवी चलचित्रकर्मी एवं व्यवसायीहरु लाभान्वित हुने र चलचित्रको नियमित प्रदर्शन हुन थालेको खण्डमा नेपाल सरकारलाई प्राप्त हुने राजश्वमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ ।



## कोरोनाले चलचित्र क्षेत्रमा पारेको प्रभाव, जोखिम, अनुमान र चुनौति :

- आर्थिक ऐनमा व्यवस्था भए बमोजिम चलचित्र विकास बोर्डको मुख्य बजेट विदेशी चलचित्रको प्रदर्शनीमा लाग्ने  चलचित्र विकास शुल्क रहेको र यही स्रोतबाट प्राप्त हुने रकमबाट बोर्डले वार्षिक कार्यक्रम तथा प्रशासनिक खर्च व्यहोर्नुपर्ने स्थिति रहेको ।
- कोभिड-१९ का कारण सिर्जना भएको बन्दाबन्दीका कारण चलचित्रघरहरु  बन्द रहेको र अति प्रभावित क्षेत्रको रुपमा देखिएको यो चलचित्र क्षेत्र कोभिड-१९ को महामारी रोकथाम भएतापनि सुचारु रुपमा पुनः सञ्चालनमा आउन लामो समय लाग्ने देखिएकोले बोर्डबाट सञ्चालन गरिने वार्षिक कार्यक्रम प्रभावित हुने देखिएको छ र सरकारबाट आवश्यक बजेट व्यवस्था हुनुपर्ने स्थिति रहेको छ ।



FDB, Nepal

# बोर्डबाट गत आ.व.मा सम्पन्न भएका मूख्य÷ मुख्य कार्यहरुः

- बक्स अफिस प्रणालीमा रहेका डाटाहरुलाई सुरक्षित गरि राख्न हेटौडामा रहेको डाटा रिकभरी सेन्टरका लागि आवश्यक पर्ने उपकरणहरु जडान गरिएको ।
- बक्स अफिस प्रणाली सम्बन्धी मोवाइल एप निर्माण गरिएको ।
- बक्स अफिस प्रणालीको सफटवेयर अपग्रेडेशनको कार्य सम्पन्न भएका
- डिजिटाइजेशन भएका १० वटा ऐतिहासिक नेपाली चलचित्र र १५ घण्टा बराबरको वृत्तचित्रको म्ष्नष्तबर्ा ऋृष्लभ्ञब एबअपबनभ ९म्ऋृए० :बकतभचष्लन गरिएको ।



# बोर्डबाट गत आ.व.मा सम्पन्न भएका मूख्य÷ मुख्य कार्यहरुः

- कोरोनाबाट प्रभावित श्रमजिवी चलचित्रकर्मीहरुलाई बोर्डको आन्तरिक स्रोतबाट राहत वितरण गर्न आवश्यक मापदण्ड सहितको मोडालिटी स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।
- चलचित्र सम्बन्धी विषयमा स्नातहक तह तेस्रो वर्षमा अध्ययनरत ५ जना विद्यार्थीलाई जनही ३५,०००।- को दरले छात्रवृत्ति उपलब्ध गराइएको ।
- चलचित्रक्षेत्रलाई मार्यादित, अनुशासित, प्रतिष्ठित, व्यवस्थित र स्वस्थ्य मनोरञ्जनात्मक बनाई चलचित्रकर्मीको पेशागत भूमिका र आचरणलाई थप प्रभावकारी बनाउन “चलचित्रकर्मी आचारसंहिता, २०७७” को मस्यौदा तयार गरिएको ।



# बोर्डबाट गत आ.व.मा सम्पन्न भएका मूख्य÷ मुख्य कार्यहरु:

- चलचित्र विकास बोर्ड र सरोकारवाला पक्षको सहकार्यमा चलचित्र निर्माण **परामर्श डेस्क** स्थापना गर्ने कार्य अघि बढाइएको छ ।
- मौलिक ऐतिहासिक यथार्थपरक सामाजिक सन्देशमूलक राष्ट्रियताको पहिचानमा आधारित कथा वस्तुमा चलचित्र निर्माण र प्रोत्साहन, प्रचार प्रसार गर्न मोडालिटी सहितको कार्यविधि निर्धारणका लागि समिति गठन गरी कार्य अघि बढाइएको ।
- नेपाली चलचित्रको विकास, विस्तार, प्रवर्द्धन र अन्तर्राष्ट्रिय बजारीकरणमा सघाउ पुर्‍याउन नेपालीहरुको बाहुल्यता रहेका १२ वटा मुलुकहरुमा नेपाली चलचित्र प्रवर्द्धन अवैतनिक प्रतिनिधि नियूक्तिको प्रक्रिया अघि बढाइएको ।



# बोर्डबाट गत आ.व.मा सम्पन्न भएका मूख्य÷ मुख्य कार्यहरुः

- कोरोनाबाट प्रभावित श्रमजिवी चलचित्रकर्मीहरुलाई बोर्डको आन्तरिक स्रोतबाट राहत वितरण गर्न आवश्यक मापदण्ड सहितको मोडालिटी स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।
- कोभिड-१९ को जोखिम न्यूनिकरण गर्दै चलचित्र निर्माण तथा प्रदर्शन कार्य पुनः सञ्चालन गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७ को मस्यौदा तयार गरी स्वीकृतिको लागि मन्त्रालय पत्राचार गरिएको ।
- कोरोनाबाट प्रभावित चलचित्र निर्माण प्रदर्शन र वितरणलाई अति प्रभावित क्षेत्रमा समावेश गरिदिन मन्त्रालयमा पत्राचार गरिएको ।
- चलचित्र निर्माण प्रदर्शन र वितरणमा पनि आन्तरिक श्रोतबाट प्रोत्साहन गर्न मन्त्रालयद्धारा २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार आवश्यक मापदण्ड निर्माण अन्तिम चरण पुगेको ।



Film in NEPAL
Film Development Board

# धन्यवाद !!

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## चलचित्र विकास बोर्ड

चाबहिल, काठमाडौं